# सरावल गाँउपालिका

## नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ८ | संख्याः५ | मङ्सिर महिना २३ गते, २०८१ |

## भाग २

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ बमोजिम सरावल गाउपालिकाको  कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०८१ सालको कार्यविधि संख्या ४**

**कार्यविधिको नामः पशु सेवा शाखा कार्यक्रम संचालन कार्यविधि २०८१**

सरावल गाउँपालिका

## पशु सेवा शाखा कार्यक्रम संचालन कार्यविधि २०८१

गाउँसभाबाट स्वीकृत मितिः२०८१/०८/१९

प्रमाणिकरण मितिः२०८१/०८/२३

प्रकाशित मितिः २०८१/०८/२३

**प्रस्तावनाः**

कुल ग्राहस्थ उत्पादनमा पशुपालन क्षेत्रको ११ प्रतिशत योगदानलाई अझवृद्धि गर्दै लैजान, पशुउत्पादन क्षेत्रलाई निर्वाहमुखीवाट व्यवसायीकरणमा परिणत गर्न र तीव्रतर लगानि विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ । यसका लागि पशुपंक्षिको उत्पादन प्रशोधन तथा बजारीकरण गरी पशुपालक कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवंपारदर्शी रुपमा लक्षितवर्ग सम्म पुऱ्याउन र यसव्यवसायलाई आर्थिकउपार्जन, स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्युनिकरणको माध्यमवाट राष्ट्रिय अर्थव्यवस्थामा ठोस योगदान पुर्याउन यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शीर प्रभावकारी रुपमा संचालन गर्न सरावल गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १

**१ संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **"पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८१"** रहेकोछ।

२. यो कार्यविधि वार्षिक कार्यक्रम संचालन संग सम्बन्धित भएकाले स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. **"गाउँपालिका"** भन्नाले सरावल गाउँपालिका सम्झनुपर्दछ्र

२. **"शाखा"** भन्नाले पशु सेवा शाखा सम्झनुपर्दछ।

३. **"कार्यालय"** भन्नाले सरावल गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

सरावल गाउँपालिका

४. **"पशु बिकास कार्य समिति"** भन्नाले गाउँपालिकाको पशुविकास कार्यक्रम संचालन, अनुगमन मुल्यांकन गर्न गठन भएको समितिलाई सम्झनुपर्दछ।

५. **"समूह"** भन्नाले १० वासोभन्दा बढी कृषकहरुसंग ठित भई यस कार्यविधि बमोजिम गठन भएको समुहलाई सम्झनुपर्दछ ।

६. **"निजिफार्म"** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस गाउँपालिकामा दर्ता भएको फर्म सम्झिनुपर्दछ,

७. **"कार्यबिधि भन्नाले"** पशु सेवा कार्यक्रम संचालन कार्यबिधि २०८१ सम्झनुपर्दछ।

**८ "पशु बिकास कार्य समिति"** मा कृषि विकास समितिमा रहेका सबै सदस्य रहने छन ।सदस्य सचिव पशु सेवा शाखा प्रमुख रहने ।आश्यकता अनुसार अन्य व्यक्तिहरू समितिमा रहनेछन ।

**३ कार्यक्रमको उद्देश्यहरुः**

१. पशु सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने,

२. गाउँ सभाबाट विनियोजित रकमलाइ पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने,

३. संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने,

४. गाउँपालिकालाई दुध, मासु र अन्डामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने,

५. पशुपालन व्यवसायको उद्यमशीलता प्रबर्धन एव व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्ग सम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने,

६. पशुपालन व्यवसायबाटउत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्युनिकरण गर्ने,

७. कृषकहरुलाई उत्पादनको आधारमा अनुदानको व्यवस्था गरि उत्पादन बढाउने तर्फ उत्साहित गर्ने,

**४) कार्यक्रम स्थल छनौटका आधारः** आवश्यकता, सम्भाव्यता, माग तथा कार्यक्रमको प्रकृति हेरि गाउँपालिका भित्र कार्यक्रम संचालन स्थल छनौट गरिनेछ ।

सरावल गाउँपालिका

## परिच्छेद २

## अनुदानमा विधुतिय च्यापकटर मोटर साथै सामाग्री उपकरण वितरण कार्यक्रम संचालन विधि

**उद्देश्यः**

यस कार्यक्रमका उद्देश्य देहाय बमोजिमका हुने छनः

- कृषकहरुले संचालन गरेको व्यवसायिक फर्महरुलाई यान्त्रिकरण गर्न
- कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुर्याउने
- कृषक समुदायमा कृषि तथा पशुपालन पेशालाई व्यवसायिक बनाउन सहयोग गर्ने ।

**अनुदानमा विधुतिय च्यापकटर मोटर साथै सामाग्री उपकरण वितरण  कृषक छनौट विधिः**

- सरावल गाउँपालिकाले **"अनुदानमा विधुतिय च्यापकटर मोटर साथै सामाग्री उपकरण वितरण"** कार्यक्रमको लागी १५ दिनको सूचना प्रवाह गरी कृषकहरुबाट निबेदन माग गर्ने छ ।
- एक पटक परेको कृषक पुनः अर्को पटक उक्त कार्यक्रममा सहभागी हुन पाउने छैन ।
- **कार्यक्रममा** पशुपालन पेशामा संलग्न भएको कृषकलाई सहभागी गराउनुपर्नेछ ।
- स्थलगत कृषकको घर गोठ अनुगमन गरि न्युनतम गाई भैसी संख्या ६ र बाख्राको हकमा २० माउ पालन गरेको हुनुपर्ने । जस अनुसार स्थलगत प्रतिवेदनका आधारमा कृषि विकास समितिको बैठकको निर्णय अनुसार अन्तिम नामावली प्रकाशन गरिनेछ ।

## परिच्छेद ३

## गाउँपालिका स्तरीय / स्थलगत तालिम संचालन बिधि

**उद्देश्यः**

प्रशिक्षार्थीहरुलाई पशुपन्छी सम्बन्धी नयाँ नयाँ प्रबिधि सिकाइ व्यवहारिक रुपमा दक्ष्य बनाइनेछ।

**तालिम कार्यक्रम सम्बन्धी**

**तालिम सञ्चालन स्थलः** गाउँपालिका स्तरीय तालिम गाउँपालिकाको कार्यालयमा र स्थलगत तालिम सम्बधित स्थानमा सञ्चालन गरिनेछ।



सरावल गाउँपालिका

**तालिम अवधिः** गाउँपालिका स्तरीय तालिम ५ दिनको हुने छ भने स्थलगत तालिम ३ दिनको हुनेछ।

**प्रशिक्षार्थी छनौटको लक्षित वर्गहरु**

- पशुपन्छी पालन पेशामा संलग्न युवा कृषकहरु
- वैदेशीक रोजगारीबाट फर्की पशुपन्छीपालन व्यवसायमा संलग्न कृषकहरु
- गाउँपालिकामा फार्म दर्ता गरी पशुपालन व्यवसाय संचालन गरीरहेका कृषकहरु साथै अन्य इच्छुक कृषकहरु

**तालिमम प्रशिक्षार्थीको संख्याः** कम्तिमा २५-३० जना प्रशिक्षार्थीहरु सहभागी हुने छन्।

**सहभागी छनौट विधिः**

- वडा स्तरीय तालिम कार्यक्रमको लागि सहभागि छनौट सम्वन्धि वडा कार्यालयले छनौट गरि वडा समितिको निर्णय सहित सिफारिस सहित सहभागी छनौट गरिनेछ।

**तालिम संचालन विधिः**

- सहभागी प्रशिक्षार्थीहरुलाई सैधान्तिक र प्रयोगात्मक विधिबाट तालिम सञ्चालन गरिने छ।
- गाई, भैंसी, बाख्रा, बंगुर र कुखुरापालन विषयहरुमा स्वीकृत कार्यतालिका बमोजिम तालिम संचालन हुनेछ ।
- दिनमा जम्मा ४ कक्षा सञ्चालन गरिनेछ।
- तालिम अवधि पूरा भएपछि सहभागीहरुलाई प्रमाण–पत्र प्रदान गर्नुपर्नेछ।
- तालिम संचालन सरावल गाउँपालिका पशु सेवा शाखाले गर्नेछ ।

## परिच्छेद ४

## पशु स्वास्थ्य शिविर घुम्ती सेवा र आक्समिक सेवा संचालन कार्यविधि

**उदेश्य**

- गाउँपालिकाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

सरावल गाउँपालिका

- ब्यवसायिक पशुपालनको पकेट क्षेत्रमै कृषक उद्यमीहरुलाई आवश्यक पर्ने सम्पूर्ण पशु स्वास्थ्य सेवा उपचार, खोप सेवा, गाइनाकोलोजिकल सेवा, रोगनिदान, सर्जिकल सेवा आदि पशु स्वास्थ्य शिविरको माध्यमबाट उपलब्ध गराउँने।
- पशु सेवा शाखा र पशु सेवा केन्द्रको पहुँच भन्दा टाढा रहेको कुनै पनि सम्भाव्य स्थानमा कृषक र उद्यमीहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउँन प्राथमिकता दिने।
- पशुपन्छीका रोगहरुको निदान, उपचार र नियन्त्रणमा सहयोग पुर्याउँने।
- पशु स्वास्थ्य तथा भेटेरिनरी जनस्वास्थ्य सम्वन्धमा जनचेतना अभिबृद्धि गर्ने।

**कार्यक्रम संचालन प्रकृयाः**

- पशु स्वास्थ्य शिविर संचालन गर्नुपूर्व वडा संग समन्वय गरी तहाँको आवश्यकता अनुसार शिविर संचालन गर्न छनौट गर्नेछ।
- शाखाले आफ्नो पालिकाको आवश्यकता अनुसार त्यस क्षेत्रका कृषक, समूह, समितिको माग एवं सेवाको पहुँच तथा अपरिहार्यता शिविर संचालनको लागि स्थान तोकी गाउँपालिकालाई जानकारी गराउँनेछ।
- शाखाले गाउँपालिकाको समन्वयमा कार्यक्रम संचालन हुन १ हप्ता अगावै स्थानीय संचार माध्यमा, रेडियो, पोष्टर, पम्फलेट आदिको माध्यमबाट प्रचारप्रसार गर्नेछ।
- शाखाले शिविरका लागि आवश्यक पर्ने औषधी, भ्याक्सिनतथा अन्य सामग्रीहरुको ब्यबस्थापन गर्नेछ।
- विशेषज्ञ टोलीमा शिविर संचालन हुनेपालिकाको आवश्यकता अनुसार भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र र निजी क्षेत्रमा कार्यरत पशुचिकित्सा क्षेत्रका विज्ञहरु हुने छन्।
- एउटा शिविरमा साना र ठूला गरी कम्तीमा ५०० पशुलाई आवश्यक पशुस्वास्थ्य सेवा उपलब्ध गराउँनुपर्नेछ।

**आर्थिक कार्यविधि**

१ शिविर संचालनको लागि आवश्यक सम्पूर्ण कृयाकलापहरु २ लाख रुपैया सम्ममा सम्पन्न गर्नुपर्ने छ। जस अनुरुप तपशील बमोजिमका रहने छन्।

सरावल गाउँपालिका

| क्र.सं. | कृयाकलापहरु | लागत रु. |
|---|---|---|
| १ | पशु स्वास्थ्य शिविर सम्वन्धि प्रचारप्रसार<br>क. मेडिया, छाँया, श्रव्य, श्रव्यदृष्य, गाडी मार्फत प्रचार<br>ख. ब्यानर | २००००/- |
| २ | औषधी, खोप तथा अन्य सामग्री ब्यबस्थापन | १७००००/- |
| ३ | खाना, चियापान खर्च औपचारिक कार्यक्रम समेत | १००००/- |
| ४ | प्राविधिक भत्ता | २००००/- |
| ५ | अनुगमन | ६०००/- |

२ पशु स्वास्थ्य शिविरका लागि बिज्ञ केन्द्रबाट जाने कर्मचारी तथा आवश्यकता अनुसार विज्ञहरुको दैनिक तथा भ्रमण भत्ताको ब्यबस्थापन प्रचलित आर्थिक नियमानुसार पालिकाले गर्नेछ।

**परिच्छेद ५**

**बिपत व्यवस्थापन कार्यक्रम सन्चालन विधि**

**उदेश्यः**

- कृषकहरुलाई प्राकृतिक प्रकोप तथा महामारी रोगबाट हुने क्षेतिमा राहत उपलब्ध गराउने,
- पशुपालन पेशामा जोखिम न्यूनीकरण गर्ने ।

**कार्यक्रम संचालन प्रक्रियाः**

- यो कार्यक्रम गाउँपालिका सबै वडाहरुमा संचालन गरिनेछ,
- गाउँपालिका भित्र कुनै महामारी रोगकोन प्रकोप देखा परेमा आकस्मिक औषधि खरिद तथा उपचार सेवामा रकम खर्च गरिनेछ,
- प्राकृतिक प्रकोप जस्तै बाढी, पहिरो, आगलागिबाट पशुपन्छीको मुत्यु हुन गएमा १ माउ बाख्रा वा बोकाको रु ५०००, १ गाई भैसी वा राँगोको १०००० र १ कुखुराको रु २०० का दरले कृषकहरुलाई राहत रकम उपलब्ध गराइनेछ ।
- राहत रकमको लागि सम्बन्धित वडा कार्यालयको प्रमाणित सिफारिसपत्र, प्रहरी मुचुल्का, मृत भएको पशुको फोटो, नेपाली नागरिकताको फोटोकपी लिएर आउनु पर्नेछ,

सरावल गाउँपालिका

- प्राप्त हुन आएका निबेदनहरुलाई पशु बिकास कार्य समितिले छनौट गरि राहत रकम उपलब्ध गराउनेछ ।

## परिच्छेद ६
## पशुपन्छीको औषधि खरिद

पशुपन्छीको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा गाउँपालिका सार्वजनिक खरिद नियमावली, बमोजिम सम्बन्धित शाखाले खरिद गरी दैनिक सेवा प्रवाहको लागि वडा नं.२,४,६ बाट कृषकहरुलाई वितरण गरिनेछ।

## परिच्छेद ७
## एक वडा एक उत्पादन कार्यक्रम (माछा तथा गाई भैसीतर्फ) संचालन कार्यविधि

**उद्देश्यः**

प्रशिक्षार्थीहरुलाई पशुपन्छी सम्बन्धी नयाँ नयाँ प्रबिधि सिकाइ व्यवहारिक रुपमा दक्ष्य बनाइनेछ।

**तालिम सञ्चालन स्थलः** स्थलगत क्षमताविकास तालिम साथै पुर्नताजगि कार्यक्रम सम्बन्धी वडा कार्यलयमा संचालन गरिने छ।

**तालिम अवधिः** एक वडा एक उत्पादन स्थलगत तालिम कम्तीमा ३ दिनको हुनेछ।

**प्रशिक्षार्थी छनौटको लक्षित वर्गहरु**

- पशुपंन्छी साथै मत्स्यपालन पेशामा संलग्न कृषकहरु,
- पशुपंन्छी साथै मत्स्यपालन व्यवसायमा कृषकहरु,
- गाउँपालिकामा फार्म दर्ता गरी पशुपालन व्यवसाय संचालन गरीरहेका कृषकहरु,
- समुदायमा पछाडि परेका समुदाय र यो पेश संग संलग्न कृषकहरु,

**तालिमम प्रशिक्षार्थीको संख्याः** कम्तिमा २५ देखि ३० जना प्रशिक्षार्थीहरु सहभागी हुने छन् ।

**सहभागी छनौट विधिः**



सरावल गाउँपालिका

- वडा स्तरीय तालिम कार्यक्रमको लागि सहभागि छनौट सम्वन्धि वडा कार्यालयले छनौट गरि वडा समितिको निर्णय सहित सिफारिस सहभागि छनौट गरिनेछ ।

**तालिम संचालन विधिः**

- सहभागि प्रशिक्षार्थीहरुलाई सैद्धान्तिक र प्रयोगात्मक विधिबाट तालिम संचालन गरिनेछ ।
- गाई भैसी बाख्रा, माछ्रापालन विषयमा कार्यतालिका बमोजिम तालिम संचालन हुनेछ ।
- दिनमा जम्मा ४ वटा सेसन संचालन गरिनेछ ।
- तालिम अबधि पुरा भएपछि सहभागिलाई प्रमाणपत्र प्रदान गरिनेछ ।
- तालिम संचालन पछि सहभागिलाई पशुपंन्छी,मत्स्य व्यवसायमा प्रयोग हुने औषधी, अन्य सामाग्री,भिटामिन,मिनरल, दाना, प्रजनन योग्य बोका, माछ्राका भुरा, माछ्रामा प्रयोग हुने औषधी साथै अन्य उपकरण आदि स्वीकृत प्रस्तावनाका बमोजिम उपलब्ध गराईनेछ ।
- बजेट व्यवस्थापन एक वडामा कार्यक्रम संचालन गर्दा वढीमा रु १,५०,०००/- भन्दा बढी खर्च गरिने छैन साथै सोको स्वीकृत प्रस्तावना अनुसार भन्दा बढी रहने छैन ।
- तालिम संचालन सम्बन्धि कार्यको सहजिकरण समन्वय पशु सेवा शाखाले गर्नेछ ।

**परिच्छेद ७**

**तरल नाइटोजन सिथ ग्लोभ अन्य उपकरण कार्यक्रम संचालन कार्यविधि**

- सार्वजानिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम सम्बन्धि शाखाले खरिद गरि कृत्रिम गर्भाधानकर्ताहरुलाई उपलब्ध गराउने छ ।
- उपलब्ध गराएको माग फाराम, खर्च प्रगति विवरण सहित आवश्यक कागजात पेश गरे पछि भुक्तानी गरिनेछ ।

**परिच्छेद ८**

**१.दुध र मासुमा आत्मनिर्भरता कार्यक्रम संचालन कार्यविधि**

**२. कृषक समुह समितिलाई क्षमता विकास कार्यक्रम पुनर्ताजगी तालिम (भैसी,बाख्रा, कुखुरा साइलेज बनाउने तालिम)**

**उद्देश्यः**



सरावल गाउँपालिका

प्रशिक्षार्थीहरुलाई पशुपन्छी सम्बन्धी नयाँ नयाँ प्रबिधि सिकाइ व्यवहारिक रुपमा दक्ष्य बनाइनेछ। **तालिम सञ्चालन स्थलः** स्थलगत क्षमता विकास तालिम साथै पुर्नताजगि कार्यक्रम सम्बन्धित वडा कार्यलयमा संचालन गरिनेछ ।

**तालिम अवधिः** स्थलगत तालिम ३ दिनको हुनेछ।

**प्रशिक्षार्थी छनौटको लक्षित वर्गहरु**

- पशुपंन्छी साथै मत्स्यपालन पेशामा संलग्न कृषकहरु,
- पशुपंन्छी साथै मत्स्यपालन व्यवसायमा कृषकहरु,
- गाउँपालिकामा फार्म दर्ता गरी पशुपालन व्यवसाय संचालन गरीरहेका कृषकहरु समेत सहभागि हुनेछन,
- समुदायमा पछाडि परेका समुदाय र यो पेश संग संलग्न अन्य कृषक समुह समिति साथै सहकारी संस्था संग आवद्ध कृषकहरु,

**तालिमम प्रशिक्षार्थीको संख्याः** कम्तिमा २५ देखि ३० जना प्रशिक्षार्थीहरु सहभागी हुने छन्।

**सहभागी छनौट विधिः**

- वडा स्तरीय तालिम कार्यक्रमको लागि सहभागि छनौट सम्वन्धि वडा कार्यालयले छनौट गरि वडा समितिको निर्णय सहित सिफारिस सहभागि छनौट गरिनेछ ।

**तालिम संचालन विधिः**

- सहभागि प्रशिक्षार्थीहरुलाई सैद्धान्तिक र प्रयोगात्मक विधिबाट तालिम संचालन गरिनेछ ।
- गाई भैसी बाख्रा, माछापालन विषयमा कार्यतालिका बमोजिम तालिम संचालन हुनेछ ।
- दिनमा जम्मा ४ वटा सेसन संचालन गरिनेछ ।
- तालिम संचालन पछि सहभागिलाई पशुपंन्छी, मत्स्य व्यवसायमा प्रयोग हुने औषधी, भिटामिन, मिनरल,गम्बुट, दाना, अत्यावश्यक सामाग्री सहभागीलाई यातायात खर्च आदि स्वीकृत प्रस्तावनाका बमोजिम उपलब्ध गराईनेछ ।

सरावल गाउँपालिका

- बजेट व्यवस्थापन एक वडामा कार्यक्रम संचालन गर्दा वढीमा रु १,५०,०००/- भन्दा बढी खर्च गरिने छैन साथै सोको स्वीकृत प्रस्तावना अनुसार भन्दा बढी रहने छैन ।
- तालिम संचालन सम्बन्धि कार्यको सहजिकरण समन्वय पशु सेवा शाखाले गर्नेछ ।

## परिच्छेद ९
## व्यवसायिक फर्म तथा कृषकको गोठमा घुम्ती विज्ञ सेवा संचालन कार्यविधि

**उद्धेश्यः**

- गाई भैसीमा हुने बाँझोपन निवाराण गरि थारो वा बाँझोपन भएको पशुलाई उपचार गरि उत्पादन उत्पादकत्व बृद्धि गर्ने ।
- गाउँपालिकाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।
- व्यवसायिक पशुपालनको पकेट क्षेत्रमै कृषक उद्यमीहरुलाई आवश्यक पर्ने सम्पूर्ण पशु स्वास्थ्य सेवा उपचार, खोप सेवा, गाइनाकोलोजिकल सेवा, रोगनिदान, पशु स्वास्थ्य शिविरको माध्यमबाट उपलब्ध गराउँने ।
- पशुपन्छीका रोगहरुको निदान, उपचार र नियन्त्रणमा सहयोग पुर्याउँने।
- पशु स्वास्थ्य तथा भेटेरिनरी जनस्वास्थ्य सम्वन्धमा जनचेतना अभिबृद्धि गर्ने।

**कार्यक्रम संचालन प्रकृयाः**

- कार्यक्रम संचालन गर्दा वडा संग समन्वय गरी तहाँको आवश्यकता अनुसार सेवा संचालन गर्नेछ।
- कार्यक्रम संचालन गर्दा सम्पुर्ण वडाहरुलाई लक्षित गरि कार्यक्रम सम्पन्न गरिनेछ ।
- कार्यक्रम संचालन गर्दा कम्तीमा ७ दिनको सुचना प्रवाह गरिनेछ साथै आवश्यकता अनुसार गाउँपालिकामा दर्ता भएका व्यवसायिक फर्महरुलाई लक्षित गरि कृषकको घरगोठमा नै पुगी सेवा संचालन गरिनेछ ।
- विज्ञ वा प्राविधिकले सिफारिस गरेको न्युनतम औषधी सामाग्रीहरु कृषकलाई उपलब्ध गराइनेछ ।

सरावल गाउँपालिका

- शाखाले सेवा संचालनको लागि आवश्यक पर्नेऔषधी, भ्याक्सिन तथा अन्य सामग्रीहरुको व्यवस्थापन स्वीकृत प्रस्तावना अनुसार पशु सेवा शाखाले गर्नेछ ।
- विशेषज्ञ टोलीमा आवश्यकता अनुसार भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्र र निजीक्षेत्रमा कार्यरत पशुचिकित्सा क्षेत्रका विज्ञहरु साथै पशु सेवा शाखाका कर्मचारी र प्राविधिक पनि सहभागि हुने छन्।

## परिच्छेद १०

## पशुपन्छी तथ्याङक Software निर्माण तथा संचालन कार्यविधि

**उद्धेश्य:**

- गाउँपालिकाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वियन गर्ने।
- व्यवसायिक पशुपालनको पकेट क्षेत्रमै कृषक उद्यमीहरुलाई आवश्यक पर्ने सम्पूर्ण तथ्याङक संकलन गर्ने ।
- गाउँपालिका भित्र रहेका सम्पुर्ण पशुवस्तुको यथार्थ संख्या प्राप्त हुने छ साथै अन्य कार्यक्रममा उक्त तथ्याक प्रयोग गरि योजना निर्माण साथै अनुदान प्रदान गर्न सहज हुनेछ ।
- पशुपन्छीका रोगहरुको निदान, उपचार र नियन्त्रणमा सहयोग पुर्याउँने।
- पशु स्वास्थ्य तथा भेटेरिनरी जनस्वास्थ्य सम्वन्धमा जनचेतना अभिबृद्धि गर्ने।

**कार्यक्रम संचालन प्रकृया:**

- कार्यक्रम संचालन गर्दा वडा संग समन्वय गरी तहाँको आवश्यकता अनुसार सेवा संचालन गर्नेछ।
- तथ्याङ्क संकलनको लागि सफ्टवयर निर्माण गरि सम्बन्धी कर्मचारीलाई तथ्याङ्क संकलनको लागि कृषकको घरदैलोमा पठाइनेछ र प्रति कृषक परिवार रु ७५ र भ्याक्सिनेशनको लागि भ्याक्टिनेटरलाई तथ्याङ्क संकलन गरे बापत संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको प्रति पशु संख्या रु १० अनुसार उपलब्ध गराईनेछ ।
- कार्यक्रम संचालन गर्दा सम्पुर्ण वडाहरुलाई लक्षित गरि कार्यक्रम सम्पन्न गरिनेछ ।
- कार्यक्रम संचालनको लागि कृषकको घरगोठमा नै पुगी तथ्याङ्क संकलन गरिनेछ ।

सरावल गाउँपालिका

## परिच्छेद ११

### आक्समिक सेवा संचालन सम्बन्धमा

आक्समिक रुपमा माहामारी जन्य रोग र प्रकोपको सम्बन्धमा स्वीकृत प्रस्तावना र टिप्पणी आदेश बमोजिम सेवा प्रदान गर्न वडा कार्यालयको समन्वयमा कार्यक्रम संचालन गरि तत्काल सेवा प्रदान गरिने छ ।

**आर्थिक प्रशासन**

कार्यक्रमको लेखा, लेखाकंन, लेखापरिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

**थपघट वाहेर फेर गर्न सक्ने**

१ यो कार्याविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन गाउकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

२ यस कार्याविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउकार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

**आज्ञाले**
**बिशाल मिश्रा**
**प्रमुख प्रशासकीय अधिकृत**

सरावल गाँउपालिका